ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ७, अंक ११
२६ भदौ २०८० मंगलबार
12 Sep. 2023, Tuesday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

# लागूऔषधको दलदलमा फस्दैं मधेशका युवा



**मधेशका सुधारगृहमा रहेका दुर्व्यसनी**

| जिल्ला | कुलतमा फसेका | २० वर्षमुनिका |
|---|---|---|
| पर्सा | १८२ | २५ |
| बारा | १०७ | १० |
| रौतहट | १० | ५ |
| सर्लाही | ६४ | ११ |
| धनुषा | २५ | ३ |
| सिरहा | ५३ | ९ |
| महोत्तरी | ४० | १० |
| जम्मा | ४८१ | ७३ |

(स्रोत : मधेशमा सञ्चालित सुधारगृहबाट संकलन गरिएको विवरण)





**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, महेन्द्रनगर**

छोरा :आमा चिन्ता नलिनू, मैले सबै कुलत त्यागिसकें । अब यहाँबाट निस्किएपछि राम्रो बाटोमा हिँड्छु, तपाईंहरूको सपना त पूरा गर्न सकिनँ, असल छोरो भने पक्कै बन्नेछु ।

आमा :‘कुबाटोमा नहिँडेको भए हुन्थ्यो । तिमीले धेरै दुःख दिएका छौ, अब सुध्रियौ भने खुसी हुनेछौं, परिवार र समाजको अगाडि राम्रो बनेर देखाऊ ।’

लागूपदार्थ तथा मद्यपान पुनःस्थापन केन्द्र चन्द्रपुरमा रहेका चन्द्रपुर नगरपालिकाका २२ वर्षीय रोहन चौधरी र उनकी आमा आशादेवीका बीच भएको संवादको अंश हो यो । केन्द्रकै निगरानीमा १९ भदौमा उनीहरूबीच कुराकानी भएको थियो ।

रोहन ६ महिनादेखि केन्द्रमा रहेका छन ।

रोहनका बुवा मननारायण दुई छोरा, एक छोरी र श्रीमतीसहितको परिवारलाई अटोरिक्सा चलाएर पालिरहेका छन् । दैनिक कमाइले भनेजस्तो नभए पनि उनले उतिसारो पीर मानेका छैनन् । बरु उनको पीर जेठो छोरामाथि नै छ । लागूऔषध दुर्व्यसनमा फसेको छोरलाई कसरी सुधार्न सकिएला भन्ने चिन्ताले उनलाई ६ महिनादेखि भित्रभित्रै खाइरहेको छ । मननारायणकी पत्नी आशादेवी त यही छोराको चिन्ताले जीउ नै सुकिसकेको बताउँछिन् । छोराले कुलतको बाटो कहिले त्यागला भन्ने उनको एकमात्र चिन्ता छ । छोरा कसरी कुलतमा फसे भन्नेबारे परिवार नै बेखबर छ ।

चौधरी दम्पतीले छोरा पढेर डाक्टर बनोस् भन्ने सपना साँचेका थिए । त्यही सपना पूरा गर्न आशादेवीले गहना बेचेर छोरालाई घर नजिकैको बोर्डिङमा भर्ना गरिदिएकी थिइन् । ५ कक्षासम्म बोर्डिङमा पढेका रोहनलाई उनीहरूले ६ कक्षापछि भने स्थानीय एक माविमा पढाउन थाले । ‘७ कक्षामा पुगेपछि उसलाई साथीहरूले घरमै आएर बोलाएर लैजान्थे,’ आशाले भनिन्, ‘साथीहरूसँग पनि पढ्नै गएको होला भन्ने लाग्थ्यो तर होइन रहेछ ।’ एक दिन लागूऔषध खाएर लट्ठ भई घर आउँदा आफ्नो होस नै उडेको उनले सुनाइन् । ‘त्यसपछि त मनमा चिसो पस्न थाल्यो,’ उनले भनिन्, ‘आफूले आफैंलाई सम्हाल्नै सकिनँ ।’

यो घटनापछि उनीहरू झस्किए । एकाध पटक त उनीहरूले साथीसँग जान रोक्ने प्रयास पनि गरे । तर, सधैं रोक्न सम्भव भएन । ‘साथीहरूको संगतमा परेर कहिले के खाने त कहिले गाँजा खाएर आउन थाल्यो,’ मननारायणले सुनाए, ‘छोरालाई कुलतबाट छुटकारा दिलाउन लागिपरें तर सकिएन ।’ त्यो दिनसम्म चौधरी दम्पतीको एउटै सपना थियो, छोरालाई भनेजस्तो पढाएर डाक्टर बनाई छोड्ने । तर, सपना देखेको छोरा नै कुलतमा लागेपछि उनीहरूको चैन हरायो । ‘आर्थिक हैसियत कमजोर होला तर हौसला कमजोर थिएन, छोरालाई जसरी हुन्छ समाजले चिन्ने ठूलो मान्छे बनाउने सपना थियो,’ उनले भने, ‘तर, त्यो सपनालाई विपनामा बदल्न भने सकेनौं ।’

चौधरी दम्पतीको जस्तै सपना थियो, बृन्दावन नगरपालिकाको विश्रामपुरकी रमिता पटेलको पनि । ‘मेरो छोरा एक दिन पढेर इन्जिनियर बन्नेछ, त्यसपछि हामी गरिबका पनि सुखका दिन आउनेछन्,’ तीन धुर घडेरीमा बनेको सानो झुपडीमा छोरा भित्रिएपछि उनले छिमेकीलाई भनेको सम्झिइन् । यतिबेला रमिता त्यतिबेला बोलेको कुरा छोराले पूरा नगर्ने भयो भन्ने चिन्तामा छिन् । किनकि, १३ वर्षमै लागूऔषधको दुर्व्यसनमा फसेपछि उनले छोरालाई दुर्व्यसनमुक्त बनाउन चन्द्रनिगाहपुरस्थित सुधार केन्द्रमा भर्ना गरेकी छिन् । रमिता दम्पतीले पनि छोरालाई नजिकैको बोर्डिङमा आवासीय रूपमा भर्ना गरेका थिए । राम्रो अंक ल्याएर छोरा पास भएकामा उनीहरू पुलकित थिए । दैनिक ज्याला मजदुरीका भरमा परिवारको भरथेग गरिरहेका अहिर बाबु पनि छोराको पढाइबाट खुसी नै थिए ।

२०७९ चैत १ गते जब छोरा एक्कासि बोर्डिङबाट भागेर घर आए, त्यसपछि रमिता झस्किइन् । उनको मनमा अनेक कुरा खेल्न थाले । छोरालाई साथै राखेर निकै बेर केरकार पनि गरिन् । ‘जब छोरा भागेको खबर पायौं, त्यसपछि मैले अब यसले बाटो बिरायो भन्ने सोचें,’ उनले भनिन्, ‘छोरालाई आफूबाट टाढा राखेकामा अहिले पछुतो लागेको छ, घरबाहिर राखेर पो बिग्रियो कि र’

उनी पनि गाउँकै साथीहरूको संगतमा लागेर गाँजाको लतमा फसेको रमिताले बताइन् । छोरालाई यो लतबाट छुटाउन उनीहरूले गत वैशाख १५ गते सुधार केन्द्रमा भर्ना गरेका थिए । रमिताका श्रीमान् अहिरबाबु दैनिक ज्यालादारीका भरमा परिवारको भरथेग गरिरहेका छन । रमिताले अहिले पनि आशा मारिसकेकी छैनन् । सुधार केन्द्रबाट फिर्ता ल्याएपछि फेरि पढाउने र आफ्नो सपना पूरा गर्ने आत्मविश्वास उनमा अझै छ ।

सुधार केन्द्रमा रहेका छोराले पनि आफू गलत बाटोमा हिँडेको अनुभव गरिसकेका छन् । ‘मैले आमाबुवाको मन दुखाएको छु,’ उनी भन्छन्, ‘अब सुधार केन्द्रबाट घर फर्केपछि पढ्न मन छ ।’ अबको एक महिनापछि छोरालाई सुधार केन्द्रबाट निकाल्ने योजना रमिताको छ । त्यतिबेला केन्द्रलाई झन्डै ५० हजार रुपैयाँ बुझाउनुपर्नेछ । पटेल दम्पती यतिबेला त्यही रकमको जोहो गर्न दौडधुप गरिरहेको देखिन्छन् ।

मधेश प्रदेश प्रहरी कार्यालय

*बाँकी पृष्ठ ३ मा*

# एमाले उपाध्यक्ष सुवास नेम्वाङको निधन



**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, काठमाडौं**

प्रतिनिधि सभा सदस्य एवं नेकपा एमालेका उपाध्यक्ष सुवास नेम्वाङको निधन भएको छ । तत्कालीन संविधानसभाका अध्यक्ष समेत रहेका नेम्वाङको गएराति हृदयघातबाट निधन भएको हो ।

काठमाण्डौको बालुवाटर बस्ने उहाँलाई हृदयघात भएपछि महाराजगञ्जमा रहेको त्रिवि शिक्षण अस्पताल लगिएको थियो । तर अस्पतालमा पुर्याउँदा उहाँको निधन भइसकेको अस्पतालले जनाएको नेम्वाङका स्वकीय सचिव कृष्ण काफ्लेले जानकारी दिनुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, प्रतिनिधि सभाका सभामुख देवराज घिमिरे, नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली लगायतका नेताहरु शिक्षण अस्पातलमा पुगिसक्नुभएको छ । उहाँ गएको मंसिरमा भएको प्रतिनिधि सभा चुनावमा इलाम क्षेत्र नम्बर २ बाट निर्वाचित हुनुभएको हो ।२००९ साल फागुन २८ गते इलाममा जन्मनुभएका नेम्वाङ इलामबाटै २०५६ सालदेखि पाँच पटक विजयी हुनुभएको थियो । २०६३ सालमा पहिलोपटक सभामुख बन्नुभएका नेम्वाङ अन्तरिम संसदमा समेत सभामुख हुनुहुन्थ्यो ।

पहिलो र दोस्रो संविधान सभाका अध्यक्ष र सभामुख बन्नुभएका नेम्वाङकै कार्यकालमा २०७२ असोज ३ गते संविधान जारी भएको थियो ।

# एक पुरुषाको शव फेला

**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, पर्सा**

पर्सामा एक पुरुषको बेवारिसे अवस्थामा शव फेला परेको छ । सोमबार ठोरी गाउँपालिका-४ विजयबस्तीमा नेपाल-भारत सीमा नजिक उखुबारीमा अन्दाजी ३५ देखि ४० वर्ष उमेरको देखिने पुरुषको शव फेला परेको हो । स्थानीयले मृतकको पहिचान गर्न नसकेको इलाका प्रहरी कार्यालय ठोरीका प्रमुख प्रहरी निरीक्षक सन्तोष राईले बताए । मृत फेला परेका पुरुष विजयबस्ती टोलका होइनन् । घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान भइरहेको प्रनि राइले बताए ।

प्रारम्भिक अनुसन्धानबाट मृतकको शरीरमा घाउ चोट तथा निलडाम आदि नपाइएको उनले बताए । शव परीक्षणका लागि नारायणी अस्पताल वीरगन्ज पठाउने तयारी भइरहेको उनले बताए ।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाङ (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# तराइमा डेंगी भयावय बन्दै

तराईमा गर्मीयाममा लामखुट्टेको प्रकोप बढेसँगै यो रोग फैलने गर्छ। लामखुट्टेको एक प्रजाति एडिज लामखुट्टेको टोकाइबाट मानिसमा डेंगी भाइरसको संक्रमण हुँदा यो रोग लाग्ने गर्छ। डेंगी भाइरसका डीइएन वान, टु, थ्री, फोर गरी जम्मा चार रूप हुन्छन् र नेपालमा यी चारै प्रकारका डेंगु भाइरसको प्रकोप रहेको छ। डेंगु एडिस एगेप्टीनामक दिउँसो टोक्ने पोथी लामखुट्टेले टोकेर हुने भाइरल संक्रमण हो। यो लामखुट्टे अन्य लामखुट्टेभन्दा अलि ठूलो आकारको र कालो-सेतो छिर्केमिर्के रङको हुन्छ। अमेरिकास्थित सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन (सीडीसी) का अनुसार, डेंगीले गर्दा शरीरको रगत जम्न (क्लटिङ) प्रक्रिया अव्यवस्थित हुन्छ। यसको घातक रूप हुँदा सम्पूर्ण शरीरमा रक्तस्राव हुन थाल्छ। यो संक्रमण एक व्यक्तिबाट अर्को व्यक्तिमा फैलिँदैन।

डेंगीको लक्षण संक्रमण भएको ३ देखि १४ दिनभित्र देखिन्छ। यसमा छाला, आमाशय, आन्द्रा आदि ठाउँबाट असामान्य रक्तस्राव हुन सक्छ। एउटा सामान्य चोट लाग्दासमेत निकै रगत बग्न सक्छ। यो भाइरसको कुनै उपचार छैन। यसमा सहायतात्मक उपचारमात्र गरिन्छ। डेंगी ज्वरोले पीडित व्यक्तिको रगतमा डेंगीको भाइरस धेरै बढी मात्रामा हुन्छ। एडिस लामखुट्टेले यस्ता बिरामीलाई टोक्दा उनीहरूको रगत चुस्ने गरेका छन्। यसरी रगतसँगै डेंगी भाइरससमेत लामखुट्टेको शरीरमा प्रवेश गर्छ। लामखुट्टेको शरीरमा डेंगी भाइरसको केही दिनसम्म विकास हुन्छ। यसपछि जब डेंगी भाइरस भएको लामखुट्टेले अन्य स्वस्थ व्यक्तिलाई टोक्दा उसको शरीरमा समेत डेंगीको भाइरस पुग्छ र उसमा पनि यो ज्वरो विकसित हुन्छ।

डेंगी लागेमा एक्कासि तीनदेखि पाँच दिनसम्म ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, मांसपेशी तथा जोर्नीहरू दुख्ने, आँखाको गेडी दुख्ने, अरुचि हुने, पेट तथा आन्द्रामा गडबडी हुने र डाबर आउने हुन्छ। केही बिरामीको शरीरमा सुरुमै रातो बिमिरा आउँछन्। त्यस्तै, शरीरमा डन्डिफोरजस्ता डाबर देखिन्छन्। ज्वरो आइरहेका अवस्थामा नाक तथा गिजाबाट रगत बग्ने र छालामुनि रक्तस्राव हुन्छ। तर, डेंगी हिमोराजिक फिभरबाहेक अन्य ज्वरोमा मृत्युदर ज्यादै न्यून छ। यस्ता बिरामीलाई विशेष हेरचाह गर्न अस्पताल भर्ना गर्नुपर्छ। बिरामीलाई सघन उपचार समेत आवश्यक पर्न सक्छ। यस रोगका तीन चरण हुन्छ, पहिलो तीन दिन ज्वरो आउने चरण (फेब्राइल फेज) मा बिरामीलाई उच्च तापक्रमसहितको ज्वरो आउने, जीउ, हात दुख्ने, रुघा लाग्ने, आँखा पोल्ने, जोर्नी दुख्ने हुन्छ। चौथो दिनदेखि छैटौं दिनसम्मको चरणलाई सघन चरण (क्रिटिकल फेज) भनिन्छ र यस अवस्थामा बिरामी सिकिस्त हुन सक्छन्। रगतमा प्लेटलेट (एक प्रकारको रक्त कोषिका) को कमी हुँदै जाने भएकोले रगतमा तरलता बढ्दा रक्तनलीहरूबाट रगत कमलो छालातिर जाने भएकोले शरीरमा रक्तचाप कम हुने, पानीको मात्रा कम हुने, शरीरमा डाबरहरू बन्ने, पेट दुख्ने र बान्ता हुने लक्षण देखिन थाल्छ।

# अनुसन्धानमा असहयोग गर्दै विमानस्थलका भन्सार कर्मचारी

**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, काठमाडौं**

गत ३ साउनमा त्रिभुवन विमानस्थल भन्सारबाट जाँचपास भई बाहिरिएर राजस्व अनुसन्धान विभागको टोलीले बरामद गरेको ६० किलो तस्करी सुन प्रकरणका कारण भन्सार कर्मचारीको आलोचना भइरहेको छ।

सुन तस्करी प्रकरणमा हालसम्म विमानस्थल भन्सारमा कार्यरत ६ जना कर्मचारीलाई छानबिनको दायरामा ल्याइसकिएको छ। शनिबारमात्रै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले थप तीन जनालाई पक्राउ गरेको छ।

सीआईबीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका भन्सार अधिकृत पुष्पा जोशी, नासुद्वय कमल परियार र वीरेन्द्र नेपालीलाई पक्राउ गरेको हो। त्रिवि भन्सारमा कार्यरत तीनै जनाको सुन तस्करीमा संलग्नता देखिएपछि पक्राउ गरिएको हो।

तीन जनासहित सुन तस्करी प्रकरणमा पक्राउ पर्नेको संख्या ३० पुगेको छ। सुन तस्करी प्रकरणको अनुसन्धान अहिले राजस्व विभागले सीआईबीलाई सुम्पिएको छ। विमानस्थल भन्सारमा कार्यरत कर्मचारी एकपछि अर्को गरी पक्राउ पर्न थालेपछि बदनामी हुनबाट जोगिन इमान हुनुको साटो काम ठप्प पारेर आन्दोलनमा उत्रिएका छन्। त्रिवि भन्सार कर्मचारीले सुन तस्करी मात्र नभई विदेश आउने नेपालीको लगेजसमेत लुट्ने गरेको समाचार बेलाबेला सार्वजनिक भइरहन्छन्। बाबुराम भट्टराई अर्थमन्त्री भएका बेलाको बजेटमा भन्सार कर्मचारीको भत्तामा २५० प्रतिशत वृद्धि गरिए पनि २०७४ पछि त्यसलाई हटाइएको छ। यसकारण पनि विमानस्थल भन्सार कर्मचारीले थप आम्दानीका लागि तस्कर, घुस रकम खाने गरेको भनेर आलोचना हुने गरेको छ।

भन्सार कर्मचारीले सरकारी तलबबाहेक ठूलो रकम व्यापारी, व्यवसायीबाट नेपालमा आयात गरि...

बिलबिजक बनाएर अतिरिक्त आम्दानी लिने गरेका हुन्छन्। सोही कारण भन्सारमा कार्यरत पियनदेखि सचिवसम्मका कर्मचारीको आर्थिक हैसियत काठमाडौंमा घरघडेरी जोड्नदेखि कार लिएर हुइँकिनुलाई सामान्य ठानिन्छ।

सरकार फेरिनासाथ सत्तारुढ दल निकट संगठनमा आबद्ध कर्मचारीहरु भन्सारमा सरुवा हुने गर्छन्। उनीहरुले एक-दुई वर्षमै अकुत सम्पत्ति कमाउँछन्। उनीहरुको आर्थिक हैसियतले डाँडो काट्छ। तर, घुसबाट कमाएको सम्पत्ति सरकारी निकायले छानबिन गर्दैन।

काठमाडौं विमानस्थल भन्सारमा विदेशमा काम गरेर फर्किने सयौं नेपालीको भीड लाग्ने गर्छ भने कार्गोमार्फत आयात हुने सामानको पनि भन्सार पास गराउनुपर्छ। विमानस्थल भन्सार कर्मचारीले झिनामसिना कानुनी छिद्र झिकेर सर्वसाधारणलाई झुलाउने हुँदा उनीहरुलाई थप रकम दिएर आफ्ना सामान विमानस्थलबाट पास गराएर बाहिर ल्याउने गर्छन्। राजनीतिक दलका नेता र भन्सार कर्मचारीकै मिलेमतोमा हुँदै आएको सुन तस्करी प्रकरण ३ साउनपछि 'बिलो' नमिल्दा छताछुल्ल हुन पुगेको हो। कमिसन नमिलेपछि कुनै कर्मचारीले पोल खोल्नासाथ ६० किलो सुन तस्करी प्रकरण बाहिर आएको बताइन्छ।

नागरिक समाज र संसद्‌मा सुन तस्करी प्रकरण छानबिनको माग हुन थालेपछि सरकार र राजनीतिक दलहरु बाध्य भएर संयुक्त संसदीय छानबिन समिति गठनका लागि सहमत भएका छन्। तर, सरकारले सुन तस्करी छानबिन गरिरहेको राजस्व अनुसन्धानको छानबिन सीआईबीलाई दिएपछि शंका उब्जिएको छ।

तस्करी काण्डले बदनाम विमानस्थल भन्सारमा कार्यरत कर्मचारीले सरकारसँग अनौठा माग राखेर आजदेखि आन्दोलनमा उत्रिएका छन्। उनीहरुको मागको आशय छ- सीआईबीले विमानस्थलमा काम गर्ने कर्मचारीलाई घुस खान र तस्करीमार्फत हुने सामान छुटाउन डिस्टर्ब गऱ्यो।

भन्सार कर्मचारीले आजदेखि निकासी पैठारीसम्बन्धी सबै काम बन्द गरेका छन् भने काम गर्ने वातावरण नभएको भन्दै सात बुँदे माग सरकारसमक्ष तेर्साएका छन्। विमानस्थल भन्सार कर्मचारीले आइतबार विज्ञप्ति जारी गर्दै आज र भोलि त्रिभुवन भन्सार कार्यालयबाट हुने निकासी, पैठारीसम्बन्धी सम्पूर्ण कार्य पूर्ण रुपमा बन्द गर्ने घोषणा गरिसकेका छन्।

सरकारले सुन तस्करीमा संलग्न र घुस खाने कर्मचारीलाई पक्राउ गरेर दैनिक प्रशासनिक कार्यलाई नै हतोत्साहित गरी आफूहरुको मनोबल गिराउने तथा आत्मसम्मानमा ठेस पुऱ्याउने काम भएको भन्दै गत १२ भदौमा सामूहिक राजीनामा दिएका थिए। काम गर्ने सवालमा विभिन्न निकायबाट भएको निरन्तर हस्तक्षेप पूर्ण रुपमा बन्द नभएसम्म काम गर्न नसकिने विज्ञप्तिमा उल्लेख गरेका छन्। भन्सारमा हुने (तस्करी, घुस) नियमित कार्यलाई अनुसन्धानको वहानामा तथा अनुसन्धानलाई नै विषयान्तर गर्ने गरी निर्दोष कर्मचारीलाई धरपकड गर्ने र पक्राउ गरी हिरासतमा लिनेलगायतका कार्य अविलम्ब बन्द गर्नुपर्ने माग कर्मचारीको छ। विमानस्थल भन्सार कार्यालयमा डर-त्रासबिना, निर्भीक रुपमा र कसैले हस्तक्षेप नगरी काम गर्न पाउनुपर्ने माग पनि उनीहरुको छ। सुन तस्करी र घुस काण्ड अनुसन्धान गर्ने विभिन्न निकायले बिनाप्रमाण, पक्राउ पुर्जी अनुमति नलिई कर्मचारीलाई पक्राउ गर्ने, दुःख दिने, हैरानी दिने कार्य अविलम्ब बन्द हुनुपर्ने माग सरकारसमक्ष राखिएका छन्।

सीआईबीले सुन तस्करी प्रकरणमा संलग्न भएको भन्दै केही कर्मचारी पक्राउ गरी हिरासतमा लिएको अवस्थामा के-कति कारणले गिरफ्तार गरेको हो? सो विषय कर्मचारी कार्यरत कार्यलयलाई समेत जानकारी नदिई अमानवीय तथा अपराधीलाई जस्तै निकृष्ट व्यवहार गरी गिरफ्तार गरेको हुँदा यस्ता कार्य अविलम्ब बन्द हुनुपर्ने माग उनीहरुको छ।

विमानस्थलबाट हुने तस्करी र घुस प्रकरणको अनुसन्धानलाई नै विषयान्तर गर्ने गरी मिडियाबाजी गर्ने, तस्करलाई सघाउने र घुस खाने कर्मचारी दोषी प्रमाणित नहुँदै उसको वैयक्तिक विवरण सार्वजनिक गर्ने कार्य अविलम्ब बन्द गरिनुपर्ने माग राखिएको छ। कर्मचारीले राखेका सातमध्ये ६ बुँदे माग असान्दर्भिक रहे पनि सातौं बुँदा भने जायज देखिन्छ। भन्सार कर्मचारीले सीआईबीबाटै सञ्चार माध्यमलाई उपलब्ध गराएको सूचनाअनुसार घटनाका मुख्य योजनाकार तथा सोसँग संलग्न देखिएका व्यक्ति र अपराधमा प्रत्यक्ष संलग्नता भएका भनिएका पहुँचवाला व्यक्तिलाई राजनीतिक संरक्षणका आधारमा अनुसन्धानलाई विषयान्तर गर्ने उद्देश्य राखी कर्मचारीलाई मात्र दुःख दिइएको दाबी गरिएको छ। तस्करी प्रकरणमा कर्मचारीलाई मात्र नभई राजनीतिक संरक्षणमा रहेकालाई पनि पक्राउ गर्नुपर्ने माग भन्सार कर्मचारीको छ।

भन्सार कर्मचारीले आजदेखि भोलिसम्म कार्गो जाँचपास शाखामार्फत हुने निकासी, पैठारीसम्बन्धी सम्पूर्ण कार्य पूर्ण रुपमा बन्द गराएका छन्। २७ भदौभित्र उल्लिखित माग (सात बुँदे) सम्बोधन नभए विमानस्थल कार्यालयको यात्रु जाँचपास शाखाबाट सम्पादन हुने कार्यसमेत प्रभावित गरिने चेतावनी दिइएको छ।

राजस्व अनुसन्धान विभागले ६० किलो सुन बरामद गरेपछि आफूहरूलाई विभिन्न कारणबाट हस्तक्षेप गरिएको भन्दै भन्सारका कर्मचारी आन्दोलित भएका हुन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एसियातिर सिफ्ट हुँदै विश्व शक्ति: कसरी फाइदा लिने नेपालले ?

**दिलिप प्रकाश कार्की**

**भदौं २५ गते, काठमाडौं**
पछिल्लो एक दशकयता २१ औं शताब्दीलाई 'एसियन सेन्चुरी'को रुपमा व्याख्या गर्न थालिएको छ। केही एसियाली नेता तथा रणनीतिकारको बुझाइमा विश्व १९औँ शताब्दीमा युरोपीकरण, २०औँ शताब्दीमा अमेरिकीकरण र अब एसियाकरण हुँदैछ। सन् २०१८ मा भारतको थिंक ट्यांक पर्यवेक्षक रिसर्च फाउन्डेसनले आफ्नो एक प्रतिवेदनमा 'एसियन सेन्चुरी चीनको उदय र भारतको आर्थिक वृद्धिका कारण परिभाषित भएको' उल्लेख गरेको थियो।

अमेरिकी कूटनीतिज्ञ हेनरी किसिन्जरले आफ्नो पुस्तक 'डिप्लोमेसी'को पहिलो च्याप्टर 'द वर्ल्ड अर्डर' मा 'हरेक शताब्दीमा विश्रुव व्यवस्था परिवर्तन हुने प्राकृतिक नियम रहेको देखिएकोले अब अमेरिकी शक्ति एसियातिर सिफ्ट हुन सक्ने आधारहरु तयार भइरहेको' उल्लेख गरेका छन्।

यसरी विश्वका कूटनीतिज्ञ तथा कूटनीतिक क्षेत्रका काम गरिरहेका संघसंस्थाहरुले अबको विश्रुव शक्ति राष्ट्रको रुपमा नेपालका उत्तरी र दक्षिण छिमेकी चीन र भारतलाई आँकलन गरिरहँदा नेपालले भने यस अवसरलाई प्रयोग गर्न तदारुकता देखाएको छैन। पछिल्लो समय नेपालमा आफ्नो राजनीतिक शक्ति आर्जन गर्न र कुर्सीमा बसिरहनका लागि 'कूटनीति' को दुरुपयोग गरेको आरोप लागिरहेको छ।

अहिलेका राजनीतिज्ञहरुले वीपी कोइरालाको कूटनीतिक कौशलताबाट पाठ सिक्रुनुपर्ने नेता तथा विज्ञहरुले बताइरहेका छन्। वीपीको ११० औं जन्मजयन्तीको अवसरमा नेपाली कांग्रेसले आयोजना गरेको वीपी साहित्य महोत्सवको दोस्रो दिन सोमबार 'अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिमा वीपी' शीर्षकको सेसनमा बोल्दै नेता तथा विज्ञहरुले अहिलेका राजनीतिज्ञले वीपीबाट कूटनीतिक कौशल सिक्रुनुपर्ने बताएका हुन्।

नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेका वीपीको समयमा विश्रुव शीतयुद्धमा गुज्रिरहेको थियो भने चीनबाट दलाई लामाहरु लखेटिएको अवस्था थियो। भारत र चीनबीच क्षेत्रीय द्वन्द्व चर्किने स्थितिमा पुगेको समय थियो। अर्कातिर नेपालको आन्तरिक प्रजातन्त्र वामे सर्ने स्थितिमा थियो। १९ महिनामात्रै सत्ताको नेतृत्व गर्न पाएका वीपीले छोटो समयमा नै १४ मुलुकहरु अस्ट्रेलिया, अस्ट्रिय, स्वीडेन, मलेसिया, थाइल्याण्ड, इजरायल, पोल्याण्ड, सर्बिया, इटाली, पाकिस्तान, बर्मा, नेदरल्याण्ड, फिलिपिन्स र स्विटजरल्याण्डसँग दौत्य सम्बन्ध कायम गरे। चीन र भारतले समेत मान्यता नदिएको इजरायलसँग सम्बन्ध कायम गर्ने आँट गरेर मान्यता दिने दक्षिण एसियामा पहिलो मुलुक नेपाल बनाए।

चीनसँगको सीमा सम्झौता गरे र सगरमाथा बाँड्न सकिँदैन भनेर चीनसँग स्पष्ट अडान राखे। असंलग्रुन परराष्ट्र नीतिमा निर्भिक अभ्यास र अन्तर्राष्ट्रिय दृष्टिकोण फराकिलो बनाएका वीपीबाट अहिलेको नेतृत्वले कूटनीतिक कौशल सिक्रुनुपर्ने नेता तथा विज्ञहरुले बताएका छन्।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले वीपीले चीन र भारतसँग सम्बन्ध सुधार गर्ने कुरा र अन्तराष्ट्रिय सम्बन्धलाई फराकिलो बनाउने कुरामा मेजर ब्रेक थ्रु गरेको बताएका छन्। सानेपाको कांग्रेस मुख्यालयमा जारी महोत्सवमा उनले भने, 'चीनसँग सम्बन्ध सुधार गर्ने र सीमा सम्झौता गर्ने कुरा ब्रेक थ्रु गर्नुभयो। भारत र चीनले पनि महत्व नदिएको इजरायलसँग पनि नेपालको राष्ट्रिय हितका लागि दुबै मुलुकभन्दा पनि बाहिर रहेक सम्बन्रुध बनाउन सक्छौं भन्रुने उदाहरण पेश गर्नुभयो।'

पूर्वपरराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले वीपीको भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरुको विशेष सम्बन्ध कायम गरौं भन्रुने प्रस्ताव अस्वीकार गर्दै नेपालले स्वतन्त्र र मैत्रीपूर्ण सम्बन्ध कायम गर्छ भन्रुने अडान राखेको बताए। ज्ञवालीले त्यस समयमा वीपीले बोलेको कुराबारे भने, 'वीपीले सांस्कृतिक सम्बन्धले मात्रै द्विपक्षीय सम्बन्ध राम्रो हुन सक्दैन। यदि त्यसो हुने हो भने समान संस्कृति भएको युरोपमा सबैभन्दा बढी युद्ध भएको छ भनेर भारतीय प्रधानमन्त्रीलाई भन्रुनुभएको थियो। यो उहाँको क्षमता र राष्ट्रिय हितका विषयमा नझुक्रुने नीतिबाट हामीले सिक्नुपर्छ।'

त्यसैगरी पूर्वपरराष्ट्रमन्त्री डा. नारायण खड्काले वीपीले चीन अथवा भारतलाई कार्डको रुपमा प्रयोग नगरेको र अहिले पनि त्यसलाई प्रयोग गर्न नहुने बताए। उनले भने, 'अहिले हामी चीन कार्ड वा भारत कार्ड भन्रुने गरेका छौं। त्यस समयमा वीपीले दुबै छिमेकीसँग आँखा जुधाएर राष्ट्रिय हितको रक्षा गर्दै सन्तुलित सम्बन्ध कायम गर्नुभएको थियो। अहिले हामीले आधारभूत कुरा छोडेको नभए पनि वीपीको कूटनीतिक कौशलताबाट सिक्रुनुपर्ने धेरै छ।'

त्यसैगरी अन्तर्राष्ट्रिय सम्बन्धका विश्लेषक इन्द्र अधिकारीले सम्बन्ध र सम्पर्कको हिसाबले पनि अन्तराष्ट्रिय व्यक्तित्व भएको र चीन र भारतबीचको क्षेत्रीय द्वन्द्वको समयमा पनि नेपालका मुद्दाहरुलाई स्पष्टताका साथ राखेको उल्लेख गर्दै अहिलेका नेताहरुबाट त्यसो हुन नसकेको गुनासो गरिन्। उनले भनिन्, 'वीपीले राष्ट्रिय स्वार्थ र सीमाले मानवीयतालाई खुम्च्याएको कुरा गर्नुहुन्थ्यो। सम्बन्ध र सम्पर्कको हिसाबले पनि अन्तर्राष्ट्रिय व्यक्तित्व हुनुहुन्थ्यो। चीन र भारत क्षेत्रीय द्वन्द्वको स्थितिमा पनि नेपालको हितका पक्षमा काम गर्न सफल हुनुभयो। यद्दिप अहिले त्यो स्थिति छैन।'

वीपीले संयुक्त राष्ट्र संघको १५औं साधारण सभामा दिएको अभिव्यक्तिले वीपीलाई विश्व जगतमा चिनाएको बताइन्। 'बिपीले ठूला शक्ति राष्ट्रले युद्ध र हतियारमा लगानी गरिरहेको भन्दै त्यसको मार साना र अविकिसित देशमा परिरहेकोले धनी र ठूला राष्ट्रले विकाशिल राष्ट्रलाई सहयोग गर्नु पर्छ भनेर माग गरेका थिए', उनले भनिन्, 'सो अभिव्यक्तिबाट वीपीको उचाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभाव जमाउन सकेको थियो।'

प्रधानमन्त्री भएपछि वीपीले चीनको भ्रमणको तयारी हुँदै गर्दा भारतीय प्रधानमन्त्री तथा मित्र जवाहरलाल नेहरुले चीनसँग वार्ता गर्ने विषयमा सुझाव दिँदा अश्वीकार गरेका बताइन्। 'नेहरुको दबाबलाई अश्वीकार गर्दै वीपीले नेपाल सार्वभौम र स्वतन्त्र देशको हैसितयमा आफ्नो कूटनीति र सम्बन्ध छिमेकीसँग राख्न सक्छ भन्ने जवाफले नेपालको हैसियतलाई माथि उठाएको थियो,'उनले भनिन्। चिनियाँ राष्ट्रपति माओत्सेतुङ र प्रधानमन्त्री चाउ एन लाईसँग वार्ता गरेर वीपीले कूटनीतिक सम्बन्ध विस्तार गरेको स्मरण गर्दै चिनियाँ प्रधानमन्त्रीले गरेको सम्मानलाई आज पनि ऐतिहासिक रुपमा लिने गरिएको विश्लेषक अधिकारीले बताइन्।

सगरमाथाको विवाद समाधानमा वीपीले गरेको योगदानको पनि सेसनमा चर्चा गरिएको छ। चीनले 'माउन्ट एभेरेस्ट' अंग्रेजी नाम भएको र नेपालको मात्रै हुननसक्ने भएकोले आधा-आधा भएको दाबी गरिरहँदा चिनियाँ पक्षसँगको वार्तामा वीपीले भनेका थिए, 'त्यसो भए चोमोलोङ्रुमा पनि तिब्बती नाम हो, कसरी चिनियाँ हुन्छ? हाम्रोमा त माउन्ट एभेरेस्टलाई सगरमाथा भन्छौं। त्यसकारण सगरमाथा सिंगो नेपालको हो।'

त्यस समयमा वीपीले सगरमाथा नेपालको भएको कुरामा चिनियाँ पक्षलाई सहमत गराए पनि पछि राजा महेन्द्रको पालामा पानी ढलो सिद्धान्तको आधार बनाएर सगरमाथा उत्तरतिर चीनको भएको सम्झौता गरिएको थियो।

सेसनमा बोल्दै पूर्वप्रधानमन्त्री डा. भट्टराईले भने, 'वीपीलाई अपदस्त गर्नुमा आन्तरिक शक्ति त छँदै थियो र भारतका ठूला नेताहररुसँग आँखा जुधाउने हैसियत थियो त्यसैले राजा महेन्द्रले उनलाई हटाए। राजासँग घाँटी जोडिएको छ भनेर नेपाल फर्कनुभयो यो ठीक गर्नु भएन भनेर उहाँको अघि भनेको छु। राम्रै नियतले लिए पनि त्यो नीति गलत थियो। त्यसबाट कांग्रेसका साथीहरू बच्रुनुहोला। उहाँ अग्रगामी हुनुनहुन्थ्यो।'

त्यसैगरी डा. भट्टराईले अहिले नेपालमा अस्थिरता निम्त्याउने शक्तिहरु भारत र चीनको चाकडी गर्न लागेकोले अहिलेको नेतृत्व सचेत हुनुपर्ने समेत बताए। पूर्वराजा ज्ञानेन्द्रलाई संकेत गर्दै उनले भने, 'हामीले पदच्युत गरेका मानिसहरु विदेशमा गएर बसेका छन्। महिनौंसम्म बसेका छन्। दुबै छिमेकीलाई रिझाएर विदेशीहरुको चाकडी गरेका छन्। नेपालमा वैदेशिक चलखेलमा साथ दिन तयार भइरहेका छन्। नेपालका नेताहरुलाई चिन्ता बसेका छन्।'

पूर्वपरराष्ट्रमन्त्री डा. खड्काले चीनका राष्ट्रपति माओत्से तुङसँगको वार्ता, चीनका प्रधानमन्त्रीसँग सगरमाथा नेपालको हो भनेर दाबी पेश गर्ने वीपीले मुस्ताङमा नेपाली नागरिक मारिँदा माफी मागाई क्षतिपूर्ती गराएको घटना कुटनीतिक क्षेत्रको महत्वपूर्ण योगदान भएको बताए। उनले थपे, 'नेपालमा हालका राजनीतिक दल र नेताले परराष्ट्र क्षेत्रलाई प्राथमिकता नदिँदा, देशमा भ्रष्टाचारको इस्युमा वृद्धि भएको, भद्रगोल र अस्थिरता देखिँदा नेपालले अन्तराष्ट्रिय फोरममा आफ्नो भनाई राख्न सकेको छैन।'

पूर्वपरराष्ट्रमन्त्री ज्ञावलीले चीनसँग सम्बन्ध राख्दा भारतविरोधी र भारतसँग सम्बन्धलाई निरन्तरता दिँदा चीन विरोधी हुनु पर्दैन भनेर लिएको अडान परराष्ट्र मामिलामा उल्लेखनीय भएको बताए। उनले थपे, 'भारत र चीनसँगको नेपालको सम्बन्ध राजनीतिक भन्दा व्यापारिक आधारमा हुनुपर्ने नीति लिएको, भारतको अनुचित दबाबलाई वीपीले अश्वीकार गरेको, भारतमै रहँदा प्रजातन्त्रको पक्षमा र नेपालमा आउँदा राष्ट्रियताको पक्षमा देखिने दोधारमा हुँदा वीपीले राष्ट्रियतालाई प्राथमिकता दिनुभयो। बिपीसँगको राजनीतिक लाईनमा समर्थन जनाउन नसकिए पनि कूटनीतिक योगदानलाई सबै दलले र मुलुकले सम्मान गरेका छन्।'

**भारत र चीनको बीचमा हुनु नेपालका लागि अवसर**

नेपाललाई पृथ्वीनारायण शाहले दुई ढुंगाबीचको तरुलको रुपमा ब्याख्या गरे पनि नेताहरुले भने अहिले चीन र भारतको बीचमा हुन नेपालका लागि अवसर भएको बताएका छन्। निकै भूराजनीतिक जटिलताका बीच वीपीले नेपालको कूटनीति र अन्तर्राष्ट्रिय छवि सुधार्न तथा छवि निर्माण गर्न गरेको योगदानबाट पाठ सिक्रुनुपर्ने नेताहरुले बताएका छन्। अहिले विश्रुवको दोस्रो ठूलो अर्थतन्त्र भएको चीन र विश्रुवको पाँचौं ठूलो अर्थतन्त्र भएको र विश्रुवकै सबैभन्दा बढी जनसंख्या भएको मुलुक भारतको बीचमा रहेको नेपालका लागि यो अवसर भएको पूर्वपरराष्ट्रमन्त्री डा. खड्काले बताएका छन्।

उनले भने, 'वीपीले त्यस समयमा नै भारत र चीनको बीचमा हुनु सामरिक महत्व थियो भन्रुने कुरालाई स्मरण गर्दै नेपालको अन्तराष्ट्रिय सम्बन्ध बनाउन पहल गर्नुभयो। अहिले पनि वीपीले देखाएको कूटनीतिक क्षमताबाट पाठ सिक्दै दुबै छिमेकीको बीचमा रहेर अवसर लिन सक्छौं।'

त्यसैगरी पूर्वपराष्ट्रमन्त्री ज्ञवालीले बदलिँदो भूराजनीति र दक्षिण एसियामा चाप परेको र भारत र चीनको उदयसँगै नेपाल थप दबाबमा परेको महसुस हुन थालेको बताए। उनले भने, 'चीनको उदय भारतको पनि उदयसँगै झण्डै २०० वर्षयताकै शक्तिको रुपमा रहेका अमेरिका र युरोप ओरालो लाग्दै गएको छ। शक्ति परिवर्तन हुने स्थितिमा छ। अहिले शक्ति राष्ट्रले आफ्नो शक्तिलाई कायम राख्रुन र उदयीमान शक्तिले प्रभाव विस्तार गर्ने समय भएकोले घर्षणको स्थिति पैदा भएको छ र यसमा हामी दबाबमा पर्छौं।'

तर, नेपालले एक-अर्का छिमेकीविरुद्ध कार्ड प्रयोग गरेर नभई आर्थिक साझेदारीलाई अघि बढाउनुपर्ने बताए। उनले थपे, 'दोस्रो ठूलो अर्थतन्त्र भएको चीन र सबैभन्दा ठूलो जनसंख्या भएको भारतको बीचमा रहेको नेपालले अवसरको रुपमा प्रयोग गर्न सकेमा हाम्राका लागि अनुकूल हुँदै जान्छ।'

त्यसैगरी पूर्वप्रधानमन्त्री डा. भट्टराईले नेपालको इतिहासमा भूराजनीति बदलिएर अवसर सिर्जना भए पनि यसका लागि जुन ढंगले काम हुनुपर्ने हो, त्यो हुन नसकेको बताए। उनले थपे, '२१ औं शताब्दीको ठूलो राजनीतिक संघर्षको मञ्रुचन हुँदैछ। त्यसका लागि हामी देशभित्र पनि एकता कायम गर्न नसक्ने र कुर्सीको भागबण्डाबाहेक सहमति गर्न नसक्रुने स्थिति छ। तर, 'एसियन सेन्चुरी' भनिएको यस समयलाई छोपेर जुन ढंगले काम गर्नुपर्थ्यो त्यो हुन सकेको छैन।'

उनले मुलुकको नेतृत्व गर्ने दलले वैचारिक झुकाव अनुसार सम्बन्ध निर्माण गर्दा स्वभाविक भए पनि निजी र दलगत स्वार्थका निम्ति सम्बन्ध बनाउँदा कूटनीति बरालिन थालेको पनि बताएका छन्। नेपालको पब्लिक डिप्लोमेसी निकै कमजोर स्थितिमा भएको पनि उनले स्वीकार गरेका छन्। भने, 'जो देशको निम्ति लड्छ त्यसलाई विदेशीको दलाल भन्रुने र विदेशीका लागि लड्ने मानिसहरु राष्ट्रवादी बन्रुने प्रवृति हाबी भएको छ। छिमेकीले पनि नेपाललाई हेपेका छन्।

हामीले पदच्युत गरेका मानिसहरुले शक्ति केन्द्रको चाकरी गरेर नेपालमा अस्थिरता निम्त्याउन खोजेको छ। यसबाट सचेत हुन आवश्यक छ।'

# लागूऔषधको दलदलमा फस्दैँ ...

जनकपुरका प्रमुख डीआईजी जनक भट्टराईले पछिल्ला वर्षमा मधेशमा लागूऔषध ओसारपसार र सेवन बढ्दै गएको बताए । 'सामाजिक रूपमा सबैको साथ र सहयोगले मात्र कुलतमा लागेकाहरूलाई सही बाटोमा ल्याउन सकिन्छ,' उनले भने, 'यसका लागि स्वयं अभिभावक र समाज पनि सचेत र चनाखो बन्नु जरुरी छ ।' प्रहरी तथ्यांकले पनि मधेशमा लागूऔषध दुर्व्यसनको जालो विकराल बन्दै गएको देखाउँछ । आर्थिक वर्ष २०७८/७९ मा प्रहरीले लागूऔषध ओसारपसार, कारोबार र सेवनसम्बन्धी ९ सय २२ मुद्दा दर्ता गरेको र १ हजार २ सय ८५ जनालाई पक्राउ गरेको छ । आर्थिक वर्ष २०७९/८० मा मुद्दाको संख्या बढेर ९ सय ३७ पुगेको छ भने पक्राउ पर्नेको संख्या १ हजार ३ सय ४ रहेको छ । डीआईजी भट्टराईले भनेजस्तै लागूऔषधको दुर्व्यसनमा मधेशका किशोरहरू कसरी परिरहेका छन् भनेर बुझ्न यस प्रदेशका ८ जिल्लामा सञ्चालित १८ सुधार केन्द्रमा रहेकाहरूको तथ्यांक हेर्दा पनि काफी छ । कान्तिपुरले सबै सुधार केन्द्रबाट संकलन गरेको तथ्यांकअनुसार अहिले ४ सय ८१ जना लागूऔषध दुर्व्यसनबाट मुक्त हुन सुधार केन्द्रमा राखिएको पाइएका छन् । जसमा ७३ जना दुर्व्यसनी २० वर्षमुनिका देखिन्छन् ।

सिमरा उपमहानगरपालिका-१ पथलैयास्थित नयाँ गोरेटो पुन:स्थापना केन्द्रका अध्यक्ष राजकुमार लामाले लागूऔषधको दुर्व्यसनमा किशोरहरू छिट्टै फस्ने समस्या रहेको बताए । 'यी पदार्थहरू यति खतराजनक हुन्छन् कि दुई/चार पटक प्रयोग गर्दैमा बानी बसिहाल्छ,' उनले भने, 'दुर्व्यसनीले जब लागूऔषध सेवन गर्न पाउँदैनन्, तब उनीहरू अचेतजस्तै हुन्छन्, त्यसैले यसको सेवनका लागि ठूलै अपराध गर्न पनि तयार हुन्छन् ।' उनले खोलेको पुन:स्थापना केन्द्रमा ३५ जना कुलतमा फसेकाहरू रहेका छन् । उनको बुझाइमा लागूऔषध दुर्व्यसन बढ्नुको मुख्य कारण सन्तानलाई मनपरी स्वतन्त्रता, बढ्दो पारिवारिक एवं सामाजिक एक्लोपना, गरिबी र तनाव नै हो । उनले विद्यालय/कलेजका विद्यार्थीहरू बढी मात्रामा दुर्व्यसनीमा फस्ने गरेको बताउँदै पछिल्लो समय यो क्रम किशोरीहरूमा पनि देखिएको बताए ।चन्द्रनिगाहपुरमा उज्ज्वल भविष्य फाउन्डेसन आवासीय : लागूपदार्थ तथा मद्यपान पुन:स्थापन केन्द्र खोलेका छन्, अभिशेष खड्काले । उनका अनुसार चिकित्सकको प्रेस्क्रिप्सनबिना बिक्री गर्न नपाइने मनोद्दीपक औषधिहरू बढी मुनाफाको लोभमा औषधि पसलेले बेच्ने गर्दा दुर्व्यसनी बढाएका छन् । 'सीमावर्ती क्षेत्रमा भने नेपाली प्रयोगकर्ताले भारतीय बजारबाट सजिलै यस्ता औषधि किनेर ल्याउने गर्छन्,' कुनै समय आफैं पनि लागूऔषध दुर्व्यसनमा फसेका अभिशेषले भने, 'प्रहरीको आँखा छलेर दिनहुँजसो वारिपारि गर्छन्, म आफैं पहिला यस्तै गर्थें ।' उनको केन्द्रमा अहिले दुर्व्यसनमा फसेका १० जना दुर्व्यसनमुक्त हुने प्रक्रियामा छन्, जसमध्ये ५ जना २० वर्षमुनिका छन् ।नागरिक समाजका अगुवा केदार थापा खराब संगत, पारिवारिक किचलो र डिप्रेसनका कारण कुलतमा फस्ने युवा/किशोरको संख्या बढिरहेको बताउँछन् । *शिव पुरी/ रौतहट, कान्तिपुर*

# भन्सार छली गरेर ल्याएको ४३७ बोरा चामल बरामद

**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, सिरहा**

भन्सार छलेर ल्याएको चामल सिराहा प्रहरीले बरामद गरेको छ। जिल्लाको धनगढीमाई नगर पालिका- ९ मिलनचोकमा पूर्ववाट पश्चिमतर्फ गइरहेको मधेश प्रदेश ०३-००१-क २५१० नम्बरको ट्रकमा भन्सार छलेर चामल गइरहेको सूचनाको आधारमा चेकजाँच गर्ने क्रममा प्रहरीले सो चामल बरामद गरेको हो।

प्रहरीले ट्रकका चालक बाराको कोल्हवी नगरपालिका- २ का २७ वर्षीय शेखरप्रसाद मैनालीसँग सोधपुछ गर्दा भन्सार छली गरेको खुलेपछि चामलसहित ट्रक नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

प्रहरीले उक्त ट्रकबाट २५ किलो बोराको दुई सय ३३ बोरा सेभेन स्टार भारतीय चामल र २५ किलो बोराको दुई सय चार बोरा मिना ब्रान्ड मन्सुली र जिरामसिनो चामल फेला बरामद गरेको प्रहरी प्रमुख प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बूले जानकारी दिए।

सोधपुछका क्रममा बिलमा चार सय बोरा मात्र उल्लेख भएको, तर ट्रकमा चार सय ३७ बोरा रहेकाले चामल तस्करी भइरहेको खुलेपछि नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक लिम्बूले बताए।

चामलको मूल्य ६ लाख ६५ हजार र ट्रकको मूल्य ३५ लाख गरी ४१ लाख ६५ हजारको प्रतिवेदनसहित ट्रक र चामल राजस्व अनुसन्धान कार्यालय इटहरी पठाइएको सिरहा प्रहरीले जनाएको छ ।

# पाँच महिनापछि मधेशले पायो प्रमुख सचिव




**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, जनकपुर**

मधेश प्रदेश सरकारले पाँच महिनापछि प्रमुख सचिव पाएको छ। केही दिनअघि बसेको मन्त्रिपरिषद् बैठकले सहसचिवबाट बढुवा भएका दिनेशकुमार घिमिरेलाई मधेश प्रदेश सरकारको प्रमुख सचिवमा पदस्थापन गरेको हो ।

गत चैतको दोस्रो साता मधेश प्रदेश सरकारको प्रमुख सचिवको जिम्मेवारीमा रहेका कृष्णबहादुर राउतको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सरुवा भएको थियो । प्रमुख सचिव पद रिक्त भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कार्यरत कानून सेवातर्फका सहसचिव किशोरकुमार चौधरीले निमित्त प्रमुख सचिवको जिम्मेवारी सम्हालेका थिए ।

मधेशले प्रमुख सचिव पाए पनि लुम्बिनी र कर्णाली प्रदेश सरकार अझै प्रमुख सचिवविहीन छन् । लुम्बिनीका प्रमुख सचिव डा.दीपक काफ्ले गत चैत दोस्रो सातामा कोशीको प्रमुख सचिवमा सरुवा भएका थिए ।

यस्तै कर्णालीका प्रमुख सचिव डा.गोपीकृष्ण खनाल साउन १० गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएका थिए ।

कर्णालीको प्रमुख सचिवको जिम्मेवारीबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएका खनाल उमेर हदका कारण अनिवार्य अवकाशमा गइसकेका छन् । उनको ठाउँमा सहसचिव दिनेशकुमार घिमिरे सचिवमा बढुवा भएपछि मधेश प्रदेशको प्रमुख सचिवमा सरुवा गरिएको छ ।

# सोनमा घट्ना आरोपमा पुर्वअध्यक्ष सहित दश जना विरुद्ध मुद्दा दर्ता



**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, महोत्तरी**

महोत्तरीको सोनमा गाउँपालिकामा भएको घट्नाका आरोपमा प्रहरीले पुर्वअध्यक्ष सहित दश जना विरुद्ध मुद्दा दर्ता गरेको छ ।

पूर्व अध्यक्ष राजकुमार यादव, वडा नं. १ का वडाध्यक्ष अशोक यादवसहित दश जना विरुद्ध मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीकाअनुसार उनीहरु विरुद्ध आपराधिक प्रवेश र आपराधिक उपद्रव सम्बन्धी कसुरमा मुद्दा चलाइएको छ ।मुद्दा दर्ता गरिएका मध्ये सोनमा १ का रामप्रसाद पासवान, उपेन्द्रकुमार साह, राकेश राम, नैजामुद्दीन अन्सारी, महेशकुमार, राम केबल राय र वडा नं. २ का ललिन्द्र यादवसमेत ७ जनालाई प्रहरीले घटना स्थलबाटै नियन्त्रणमा लिई सकेको छ ।पूर्व गाउँपालिका अध्यक्ष राजकुमार यादव, वडाध्यक्ष अशोक यादव र वडा नं. १ का शैलेन्द्र यादवविरुद्ध पक्राउ पुर्जी जारी गरी खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# १६ करोड खर्चेर बाह्रबिघा मैदानको सौन्दर्यीकरण गरिँदै



**खबर दर्पण समाचारदाता**

**भदौं २५ गते, जनकपुर**

मधेश प्रदेशको राजधानी जनकपुर स्थित ऐतिहासिक रंगभूमि मैदान बाह्रबिघाको सौन्दर्यीकरणका लागि तयारी तीव्र पारिएको छ। जनकपुरको गौरवको रुपमा रहेको रंगभूमि मैदान सांस्कृतिक र धार्मिक महोत्सवहरुका लागि महत्वपूर्ण छ। रंगभूमि मैदानको सौन्दर्यीकरणका लागि प्रदेश सरकारले यसअघि नै घोषणा गरिसकेको छ।

जनकपुरमा हुने विवाह पञ्चमी मेला, मध्यमा परिक्रमालगायतमा बाह्रबिघाको विस्तृत भूगोलमा श्रद्धालुहरु शरण लिन पुग्छन् भने जनकपुरमा हुने प्रत्येक उत्सव, महोत्सवहरुमा बास बस्ने जोगीदेखि लिएर बाहिरबाट आएका धार्मिक पर्यटकका लागि रंगभूमि मैदान आश्रयस्थल पनि हो। तर यसको उचित व्यवस्थापन हुन सकेको थिएन।

उचित संरक्षण र सरसफाइको अभावमा उपेक्षितजस्तै रहेको बाह्रबिघाको सौन्दर्यीकरणलाई प्रदेशको गौरवको योजनाको रुपमा लिइएको छ। जनकपुर उपमहानगर पालिका वडा नम्बर ९ मा पर्ने ऐतिहासिक रंगभूमि मैदानका वडा अध्यक्ष प्रमेश्वर साहका अनुसार प्रदेश सरकारले यस आर्थिक वर्षमा १६ करोड रुपैयाँ दिने भएको छ। उनले भने, 'सुदृढ परियोजनाको माध्यमबाट हामीले डिपीआर बनाइसकेका छौं। कुल ३२ करोडको प्रोजेक्ट रहेको छ। रंगभूमि मैदानको सौन्दर्यीकरण मेरो वडाको साथै प्रदेशकै लागि गौरवको योजनाको रुपमा छ। मेरो कार्यकालमा मैले यो कार्य गर्न पाउनु मेरो स्वयंको लागि पनि गौरव बोधको विषय हो।'

वडाध्यक्ष साहका अनुसार यसै आर्थिक वर्ष २०८०-०८१ को आश्विनसम्म प्रदेश सरकारले १६ करोड रकम वडालाई भुक्तानी दिनेछ। उनले रकम आएलगत्तै टेण्डर गरेर सौन्दर्यीकरणको कार्यमा जानको लागि तयार अवस्थामा रहेको जानकारी दिए। उनले जनकपुरमा रहेको उक्त विस्तृत क्षेत्र स्थानीयका साथै धार्मिक पर्यटक जो पटक पटक ऐतिहासिक जानकी मन्दिर दर्शन गर्न र मेला भर्न आउँछन्, उनीहरुको लागि मैदान मात्रै नभए मिथिलाको संस्कृतिको स्तम्भ पनि रहेको छ।

बाह्र बिघामा मेला पर्वदेखि राजनीतिक कार्यक्रम, खेलकुद, सभासमारोह, धार्मिक-सांस्कृतिक कार्यक्रमका साथै विविध गतिविधि वर्षौंदेखि हुँदै आएको संस्कृतिविद् डा. रेवतीरमण लाल बताउँछन्। उनले रंगभूमिको सौन्दर्यीकरणले जनकपुरको मुहार नै सुन्दर हुने बताए।उनले भने बाह्रबिघा पहिले वास्तवमै १२ बिघा क्षेत्रफलमा रहेको थियो तर विस्तारै पर्खाल लगाउने र बाटो बनाउने नाममा अहिले त्यसको क्षेत्रफल घटेको छ। यद्यपि जनकपुरको पहिचानको रुपमा रहेको उक्त मैदान यहाँको गौरवको रुपमा रहेको छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा